# स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०४/३०

**प्रस्तावनाः** नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएको उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्दै सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धी कार्यलाई सरल, स्पष्ट र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यम" भन्नाले दफा ४ बमोजिमको योग्यता पुगेका उद्योग, फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ख) "कर्जा" भन्नाले स्टार्टअप उद्यमको लागि दफा १३ बमोजिम प्रदान गरिने स्टार्टअप कर्जा सम्झनु पर्छ।

(ग) "क्रेडिट अप्राइजल" भन्नाले कर्जा सुवीधाको लागि आवेदन गरेको कुनै उद्यमीको बैंकबाट वित्तीय स्थिति र ऋणको योग्यता मूल्याङ्कन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(घ) "प्रतिष्ठान" भन्नाले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान सम्झनु पर्छ ।

(ङ) "बैङ्क" भन्नाले यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने जिम्मेवारी तोकिएको सरकारी स्वामित्वको वाणिज्य बैङ्क सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा २२ बमोजिमको सहजीकरण समिति सम्झनु पर्छ।

(ज) "स्टार्टअप उद्यम" भन्नाले वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी व्यवसायको रूपमा सञ्चालन भएका र स्तरोन्नतिको सम्भावना रहेका उद्यमलाई स्टार्टअप उद्यम सम्झनु पर्छ र सो शब्दले सूचना प्रविधिको उपयोग एवम् सिर्जनशील सोचको प्रयोग भएको उद्यम वा व्यवसाय समेतलाई जनाउँछ।

३. **स्टार्टअप उद्यमको क्षेत्रः** (१) स्टार्टअप उद्यमको क्षेत्र अनसूची-१ बमोजिम हुनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्दा सम्भव भएसम्म उपदफा (१) बमोजिमको क्षेत्रमा कर्जा प्रवाह गरिनेछ।

४. **स्टार्टअप उद्यमको योग्यता:** (१) यस कार्यविधि बमोजिम कर्जा प्राप्त गर्न देहाय बमोजिमका योग्यता पुरा गरेका उद्यमी योग्य हुनेछन्:

(क) उद्यम व्यवसाय दर्ता भई दश वर्ष ननाघेको;

(ख) प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगको रूपमा उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको;

(ग) उद्यम व्यवसाय स्थापना भएपछिको कुनै पनि आर्थिक वर्षमा वार्षिक कारोबार पन्ध्र करोड रुपैयाँ ननाघेको;

(घ) सञ्चालित उद्यम व्यवसाय नगाभिई वा नटुक्रिई नयाँ उद्यम व्यवसाय गरेको;

(ङ) नवीन एवम् सिर्जनशील सोचलाई उद्यम व्यवसायको रूपमा रूपान्तरण गरी तीव्र वृद्धिको सम्भावना भएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहायका उद्यमलाई स्टार्टअप उद्यम मानिने छैन:-

(क) प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता नभएको,

(ख) वस्तु वा सेवा विदेशबाट आयात गरी बिक्री वितरण गर्ने गरेको,

(ग) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको,

(घ) दफा ७ बमोजिम प्रकाशित सूचनाको मिति भन्दा पछि दर्ता भएको,

(ङ) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम होल्डिङ्ग तथा लगानी कम्पनीको रुपमा दर्ता भएको।

५. **कर्जा प्रवाह रकम:** (१) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्न प्रतिष्ठानले कुनै एक वा एकभन्दा बढी बैङ्कलाई तोक्न सक्नेछ।

(२) कर्जा प्रवाहको लागि विनियोजन भएको रकमबाट कर्जा सुरक्षण निगमलाई भुक्तानी गर्ने रकम खर्च गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको बैङ्कमा कर्जा वापतको रकम छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको खातामा बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा सङ्घीय संचित कोषमा फिर्ता गर्नुपर्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) बैङ्कले आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र उपदफा (३) बमोजिमको खाताबाट भएको खर्चको विवरण प्रतिष्ठानलाई उपलब्ध गराउनुपर्नेछ।

६. <u>**स्टार्टअप उद्यम कार्यान्वयन निकाय:**</u> (१) यस कार्यविधि बमोजिम स्टार्टअप उद्यम कार्यक्रमको कार्यान्वयन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न प्रतिष्ठानले आवश्यकता बमोजिम स्टार्टअप क्षेत्रका विज्ञको सहयोग लिन सक्नेछ।

७. <u>**प्रस्ताव आह्वान गर्ने:**</u> प्रतिष्ठानले यस कार्यविधि बमोजिम कर्जा लिन इच्छुक उद्यमीबाट प्रस्ताव आव्हान गरी कम्तिमा एक्काइस दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र विद्युतीय माध्यमबाट अनुसूची-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ।

८. <u>**प्रस्ताव पेश गर्नु पर्ने:**</u> (१) यस कार्यविधि बमोजिम कर्जा लिन चाहने दफा ४ बमोजिमको योग्यता पुगेका उद्यमीले दफा ७ बमोजिमको सूचनाको अवधिभित्र अनुसूची-३ बमोजिमको ढाँचामा प्रतिष्ठानमा प्रस्ताव पेश गर्नुपर्नेछ।

तर, एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेश गर्न पाइनेछैन।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव विद्युतीय माध्यमबाट समेत पेश गर्न सक्ने गरी व्यवस्था मिलाउन सकिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको प्रस्तावमा अन्य कुनै निकायबाट सहुलियतपूर्ण कर्जा नलिएको व्यहोरा प्रस्तावकले स्वःघोषणा गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम गरिएको स्वःघोषणा झूटो रहेको पुष्टि भएमा त्यस्तो प्रस्ताव जुनसुकै बखत रद्द हुनेछ।

(५) अन्य कुनै निकायबाट सहुलियतपूर्ण कर्जा लिएका प्रस्तावकलाई सो कर्जा चुक्ता नगरेसम्म यस कार्यविधि बमोजिमको कर्जा उपलब्ध गराइने छैन।

९. <u>**प्रस्ताव मूल्याङ्कन समिति:**</u> दफा ८ बमोजिम पेश हुन आएका प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्न प्रतिष्ठानले आफ्नो नेतृत्वमा स्टार्टअप उद्यमको क्षेत्रमा काम गरेका विज्ञ तथा कर्जा प्रवाह गर्ने बैङ्क समेत संलग्न रहेको एक मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ।

१०. <u>**प्रस्ताव मूल्याङ्कनका आधार:**</u> दफा ८ बमोजिम पेश हुन आएका प्रस्तावको प्रस्ताव मूल्याङ्कन समितिले देहायका विषयमा आधारित भई अनुसूची-४ बमोजिमको अङ्कभारको आधारमा मूल्याङ्कन गर्नुपर्नेछः-

(क) उद्यम वा नवीनतम सोचको हालको अवस्था,

(ख) प्रविधिको प्रयोग,

(ग) उद्योगको अघिल्लो आर्थिक वर्षको कारोबार,

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना,

(ङ) परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चापदार्थको स्रोत,

(च) परियोजनाको लागि आवश्यक पूर्वाधारको उपलब्धता,

(छ) जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएको उपाय,

(ज) व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण र रोजगारी सिर्जना,

(झ) क्रेडिट अप्राइजल।

(२) उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले परियोजना प्रस्तावसँग सम्बन्धित थप विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिलाई कुनै दुविधा उत्पन्न भएमा यस कार्यविधिको भावना प्रतिकुल नहुने गरी प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक निर्णय गर्न सक्नेछ।

११. **प्रस्ताव मूल्याङ्कन प्रक्रिया:** (१) प्रस्ताव मूल्याङ्कन समितिले दफा १० बमोजिम प्रस्ताव मूल्याङ्कन गर्दा देहाय बमोजिमको प्रकृया पूरा गर्नुपर्नेछः

(क) दफा ८ बमोजिम दर्ता हुन आएका प्रस्ताव र प्रस्तावकको सूची प्रकाशित गर्ने,

(ख) दफा ४ बमोजिम योग्य प्रस्तावकको प्रारम्भिक सूची तयार गर्ने,

(ग) प्रारम्भिक सूचीमा छनोट भएका प्रस्तावकको व्यावसायिक प्रस्तुतीकरणको समय तालिका प्रकाशित गर्ने,

(घ) व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण गर्न लगाई दफा १० बमोजिम मूल्याङ्कन गरी प्राथमिकताको आधारमा सूची तयार गर्ने।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिमका प्रस्तावको क्रेडिट अप्राइजल गर्न कर्जा प्रवाह गर्ने बैङ्कमा पठाउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएका प्रस्तावको बैंकले नियम अनुसार सात दिन भित्र क्रेडिट अप्राइजल गरी प्राप्त गरेको अङ्कभार प्रतिष्ठानलाई उपलब्ध गराउनु पर्नेछ।

१२. **प्रस्तावको छनोट तथा सिफारिस:** (१) दफा ११ बमोजिमको क्रेडिट अप्राइजलबाट प्रस्तावकले प्राप्त गरेको अङ्क समेत समावेश गरी प्रस्ताव मूल्याङ्कन समितिले कुल प्राप्ताङ्कका आधारमा प्रारम्भिक सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीबाट कम्तिमा पचास प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्ताव मध्येबाट सबै भन्दा बढि अङ्क प्राप्त गर्ने प्रस्तावलाई प्राप्ताङ्कको आधारमा प्राथमिकिकरण गरी कर्जा प्रवाह गर्ने बैङ्कमा सिफारिस गर्नुपर्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपदफा (२) बमोजिम सिफारिस गर्दा प्रस्तावकले प्राप्त गर्ने कर्जा रकम समेत निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कर्जा रकम निर्धारण गर्दा न्यूनतम पाँच लाख र अधिकतम पच्चीस लाख रुपैयाँसम्म निर्धारण गर्नुपर्नेछ।

तर, कुनै परियोजनाका लागि माग गरेको रकमभन्दा घटी रकमबाट उक्त परियोजना सञ्चालन हुने पर्याप्त आधार र कारण भएमा त्यस्तो आधार र कारण उल्लेख गरी उद्यमीले माग गरेको भन्दा घटी रकम निर्धारण गर्न सकिनेछ।

(५) उपदफा (२) बमोजिम सिफारिस भएका प्रस्तावकको लागि प्रतिष्ठानले आवश्यकता अनुसार उद्यमशीलता विकास र व्यवसाय व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्न सक्नेछ।

(६) उपदफा (२) बमोजिम सिफारिस भएको परियोजनाको विवरण प्रतिष्ठानले आफ्नो वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ।

(७) उपदफा (२) बमोजिम सिफारिस भएका प्रस्तावकले सिफारिस भएको पैतालीस दिनभित्र कर्जा प्रवाह गर्ने बैङ्कमा सम्पर्क गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिमको अवधिभित्र सम्पर्क गर्न नआउने प्रस्तावकको प्रस्ताव स्वतः रद्ध हुनेछ।

१३. **सम्झौता तथा कर्जा प्रवाहः** (१) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्नुअघि बैङ्कले परियोजनाको स्थलगत अध्ययन गरी दफा १२ बमोजिम सिफारिस भएका प्रस्तावकसँग देहाय बमोजिमको विषय समावेश गरी सम्झौता गर्नुपर्नेछः-

(क) बैङ्कले कर्जा प्रवाह गर्ने तरिका,

(ख) कर्जाको सीमा,

(ग) किस्ता बुझाउनुपर्ने अवधि,

(घ) ब्याज दर,

(ङ) साँवा फिर्ता र ब्याज भुक्तानीको अवधि तथा प्रक्रिया।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा कर्जाको अवधि अधिकतम पाँच वर्षमा नबढाई ढिलोमा कर्जाको पहिलो किस्ता लिएको एक वर्षपछि साँवा र ब्याज वापतको रकम फिर्ता गर्न प्रारम्भ गर्नुपर्ने व्यहोरासमेत उल्लेख गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम प्रवाह गरिने कर्जाको ब्याजदर वार्षिक तीन प्रतिशत हुनेछ।

(४) यस कार्यविधि बमोजिम कर्जा प्रवाह गर्ने बैंकले असुल उपर गरेको साँवा र सोको ब्याज रकम दफा ५ बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) उपदफा (१) बमोजिम सम्झौता भएपछि सम्बन्धित बैङ्कले उद्यमीलाई सात कार्यदिन भित्र कर्जाको प्रथम किस्ता उपलब्ध गराउनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम कर्जा प्रवाह गर्न नसकिने देखिएमा बैङ्कले स्पष्ट आधार र कारणसहित सम्बन्धित प्रस्तावक र प्रतिष्ठानलाई लिखित जानकारी गराउनुपर्नेछ ।

(७) बैङ्कले कर्जा प्रवाह गर्दा बढीमा पाँच लाखसम्मको कर्जाको हकमा एक किस्ता, पन्ध्र लाखसम्मको लागि दुई किस्ता र सोभन्दा माथिको हकमा तीन किस्तामा कर्जा रकम उपलब्ध गराउनुपर्नेछ।

(८) उपदफा (५) बमोजिम उपलब्ध गराइएको प्रथम किस्ताको रकम सम्बन्धित उद्यमीले स्टार्टअप उद्यममा कर्जा प्रयोग गरेको पुष्ट्याँईसहित थप किस्ता माग गरेमा बैङ्कले निरीक्षण गरी प्रगतिको आधारमा थप कर्जा रकम उपलब्ध गराउन सक्नेछ ।

(९) यस दफा बमोजिम बैङ्कले प्रवाह गरेको कर्जाको विवरण सात दिनभित्र प्रतिष्ठानलाई दिनुपर्नेछ।

१४. <u>कर्जाको धितो तथा कर्जा सुरक्षण:</u> (१) यस कार्यविधि बमोजिम बैङ्कले कर्जा प्रवाह गर्दा स्वीकृत व्यवसाय वा परियोजना धितोको रूपमा राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवसाय वा परियोजनाको बीमा उद्यमी स्वयमले गर्नुपर्नेछ।

(३) कर्जा प्रवाह गर्दा बैङ्कले प्रचलित कानून बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषमा कर्जाको सुरक्षण गराउनुपर्नेछ।

(४) कर्जा सुरक्षणको लागि प्रतिष्ठानले प्रवाहित कर्जाको पच्चीस प्रतिशत रकम स्टार्टअप उद्यम कर्जा सुरक्षण कोषमा राख्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम कोषको सञ्चालन निक्षेप तथा कर्जा सुरक्षण कोषले गर्नेछ।

(६) उपदफा (३) बमोजिम कर्जा सुरक्षण गर्दा लाग्ने शुल्क निक्षेप तथा कर्जा सुरक्षण कोषले स्टार्टअप कर्जा सुरक्षण कोषबाट प्राप्त गर्नेछ।

(७) कर्जाको दाबी भुक्तानी माग भएमा निक्षेप तथा कर्जा सुरक्षण कोषले स्टार्टअप कर्जा सुरक्षण कोषबाट भुक्तानी गर्नेछ।

(८) कर्जाको क्षतिपूर्ति भुक्तानी सम्वन्धी निक्षेप तथा कर्जा सुरक्षण कोषको दायित्व समाप्त भएपछि स्टार्टअप कर्जा सुरक्षण कोषमा बाँकी रहेको रकम प्रतिष्ठानलाई फिर्ता गर्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिम फिर्ता भएको रकम प्रतिष्ठानले दफा ५ बमोजिमको खातामा जम्मा गर्नु पर्नेछ।

(१०) उपदफा (७) बमोजिम क्षतिपूर्ति भुक्तानीका लागि रकम अपुग भएमा प्रतिष्ठानले वार्षिक बजेट प्रस्ताव गर्दा बजेटको सीमाङ्क तथा मार्गदर्शनको अधीनमा रही प्रतिबद्ध एवम् सम्भावित दायित्वको प्राथमिकताको आधारमा प्रस्ताव गरी बजेट सुनिश्चित गर्नुपर्नेछ ।

(११) स्टार्टअप उद्यम कर्जा सुरक्षण कोषमा रहेको रकम लगानीबाट आर्जित ब्याज रकममध्ये बीस प्रतिशत रकम निक्षेप तथा कर्जा सुरक्षण कोषले आम्दानीको रुपमा राख्न सक्नेछ ।

१५. <u>**कर्जा भुक्तानी:**</u> (१) यस कार्यविधि बमोजिम कर्जा लिएको उद्यमीले सम्झौतामा लेखिए बमोजिम कर्जाको साँवा र ब्याज भुक्तानी गर्नुपर्नेछ।

तर कुनै उद्यमीले किस्ता अवधि अगावै कर्जा भुक्तानी गर्न चाहेमा अतिरिक्त शुल्क लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम कर्जाको साँवा र ब्याज भुक्तानी नगरेमा त्यस्ता उद्यमीबाट बैङ्कले प्रचलित कानून बमोजिम कर्जा असुल उपर गर्न सक्नेछ ।

१६. <u>**सिफारिस गर्न सक्ने:**</u> (१) कर्जा प्राप्त गर्ने उद्यमीले दफा १५ बमोजिम कर्जा भुक्तानी नगर्ने उद्यमीलाई सम्बन्धित निकायमा देहाय बमोजिमको सिफारिस गर्न सक्नेछ:-

(क) कर्जालाई प्रचलित कानून बमोजिम खराब कर्जामा गणना गर्न,

(ख) उद्यमीको नाममा रहेको कुनै चल अचल रोक्का राख्न,

(ग) कुनै बैङ्क तथा वित्तीय संस्थामा रहेको खाता रोक्का राख्न।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा सम्बन्धित निकायले सिफारिस कार्यान्वयन गर्नु पर्नेछ।

१७. <u>**बैङ्कले शुल्क तथा ब्याज लिन सक्ने:**</u> (१) कर्जा प्रवाह गर्ने बैङ्कले कर्जा प्रवाह गर्दा प्रशासनिक वा सेवा शुल्कवापत सम्बन्धित उद्यमीबाट कर्जा रकमको अधिकतम शुन्य दशमलव एक प्रतिशतसम्म सेवा शुल्क लिन सक्नेछ ।

(२) दफा १५ बमोजिम प्राप्त हुने रकम तीन दिनभित्र दफा ५ बमोजिमको खातामा दाखिला गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जाको असुली तथा अनुगमन गर्ने दायित्व बैङ्कको हुनेछ।

१८. <u>**व्यावसायिक राय परामर्श:**</u> यस कार्यविधि बमोजिमको कर्जाबाट सञ्चालित स्टार्टअप उद्यमलाई उत्प्रेरित गरी उद्यमीको काममा आत्मविश्वास बढाउन प्रतिष्ठानले कर्जाको अवधिभर आवश्यकता अनुसार व्यावसायिक तथा व्यवस्थापन सम्वन्धी परामर्श प्रदान गर्नेछ।

१९. **उद्यमीको कर्तव्यः** यस कार्यविधि बमोजिम कर्जा प्राप्त गर्ने उद्यमीको देहाय बमोजिमको कर्तव्य हुनेछः-

(क) उद्देश्य बमोजिम कर्जा रकमको प्रयोग गर्ने,

(ख) सम्झौता बमोजिम कर्जाको साँवा र ब्याज रकम भुक्तानी गर्ने,

(ग) नियामक निकाय वा बैङ्कबाट गरिने अनुगमनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने,

(घ) आफूले गरेको स्टार्टअप उद्यमको प्रगति प्रतिवेदन चौमासिक रुपमा कर्जा प्रवाह गर्ने बैङ्कमा पेश गर्ने,

(ङ) प्रतिष्ठान वा बैङ्कले दिएको निर्देशनको पालना गर्ने।

२०. **प्रशासनिक खर्च र कर्मचारीको व्यवस्थाः** (१) प्रतिष्ठानले यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न विनियोजन भएको रकमको बढीमा तीन प्रतिशतसम्म प्रशासनिक खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रकम यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमका लागि मात्र खर्च गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्न थप कर्मचारी आवश्यक पर्ने भएमा दैनिक ज्यालादारी वा करारमा नियुक्त गरी काममा लगाउन सक्नेछ।

(४) यस कार्यक्रमको लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी प्रतिष्ठानको हुनेछ।

(५) प्रतिष्ठानले उपदफा (१) बमोजिमको खर्च नभएको रकम आर्थिक वर्षको अन्त्यमा दफा ५ बमोजिमको खातामा जम्मा गर्नुपर्नेछ।

२१. **अनुगमन तथा प्रतिवेदनः** (१) यस कार्यविधि बमोजिम उपलब्ध कर्जाबाट सञ्चालित स्टार्टअप उद्यम सम्झौता अनुरूप सञ्चालन भए वा नभएको सम्बन्धमा कर्जा प्रवाह गर्ने बैङ्कले आवधिक रूपमा अनुगमन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन सम्बन्धी प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र अनुसूची-५ बमोजिमको ढाँचामा प्रतिष्ठानसमक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा यस कार्यविधि विपरीत हुने गरी कुनै उद्यम गरे वा गराएको पाइएमा अनुगमन गर्न खटिएको बैङ्कको कर्मचारीले निश्चित समयावधि तोकी त्यस्तो उद्यममा सुधार गर्न सम्बन्धित उद्यमीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशनको जानकारी प्रतिष्ठानलाई समेत गराउनुपर्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

(५) उपदफा (३) बमोजिम दिइएको निर्देशन अनुरूप निर्धारित समयावधिभित्र आवश्यक सुधार भएको नपाइएमा बैङ्कले त्यस्तो उद्यमीलाई कर्जाको साँवा र ब्याज तत्काल फिर्ता गर्न निर्देशन दिन सक्नेछ।

(६) स्टार्टअप उद्यम सञ्चालन गर्ने उद्यमीले आफ्नो उद्यममा भएको प्रगति, सञ्चालनको अवस्था, कठिनाई, सम्बद्ध सरकारी निकाय र अन्य क्षेत्रबाट अपेक्षा गरेको सहयोग समेतका विषय खुलाई प्रतिष्ठान समक्ष वार्षिक रूपमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

२२. **सहजीकरण समितिः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको सहजीकरण तथा समन्वय गर्न देहाय बमोजिमको समिति रहनेछ:-

| | | |
|---|---|---|
| क. | महाशाखा प्रमुख, औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, मन्त्रालय | -संयोजक |
| ख. | कार्यकारी निर्देशक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | -सदस्य |
| ग. | निर्देशक, उद्योग विभाग | -सदस्य |
| घ. | उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क | -सदस्य |
| ङ. | अधिकृतस्तरको प्रतिनिधि, निक्षेप तथा कर्जा सुरक्षण कोष | -सदस्य |
| च. | अधिकृतस्तरको प्रतिनिधि, बैङ्क | -सदस्य |
| छ. | अधिकृतस्तरको प्रतिनिधि, प्रतिष्ठान | -सदस्य सचिव |

(२) समितिको बैठक आवश्यक्तानुसार बस्नेछ ।

२३. **कार्यक्रम साझेदारीमा गर्न सकिनेः** प्रतिष्ठानले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, प्राज्ञिक क्षेत्र एवम् विश्वविद्यालयसँग लागत साझेदारी गर्न सक्नेछ।

२४. **पुरस्कृत गर्न सक्नेः** यस कार्यविधि बमोजिम कर्जा प्राप्त गरी प्रभावकारी रूपमा परियोजनाको कार्यान्वयन गर्ने उत्कृष्ट उद्यमीलाई प्रतिष्ठानले पुरस्कृत गर्न सक्नेछ ।

२५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**स्टार्टअप उद्यमका क्षेत्र**

(क) कृषि, सिँचाइ तथा पशुपन्छीमा आधारित उद्यम;

(ख) उत्पादनमूलक उद्यम;

(ग) वन (जडीबुटी, वन पैदावार) मा आधारित उद्यम;

(घ) पर्यटन प्रवर्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित उद्यम;

(ङ) विज्ञान, प्रविधि, सञ्चार तथा सूचना प्रविधिमा आधारित उद्यम;

(च) मानव स्वास्थ्य सेवासँग सम्बन्धित उद्यम;

(छ) शिक्षा तथा शिक्षण सिकाइसँग सम्बन्धित उद्यम;

(ज) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित उद्यम;

(झ) पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित उद्यम;

(ञ) विद्युतीय सवारी साधन तथा अटोमोबाइलसँग सम्बन्धित उद्यम;

(ट) परम्परागत तथा ग्रामीण प्रविधिसँग सम्बन्धित उद्यम;

(ठ) स्थानीय स्रोत तथा साधनमा आधारित उद्यम;

(ड) सार्वजनिक सेवा प्रवाह, उत्पादन तथा सेवा प्रक्रियामा सुधारसँग सम्बन्धित उद्यम;

(ढ) खानी तथा खनिजको अनुसन्धान र विकाससँग सम्बन्धित उद्यम;

(ण) घरायसी वा दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग पुग्ने प्रकृतिका कार्यसँग सम्बन्धित उद्यम;

(त) वस्तु वा सेवाको वितरण प्रणालीसँग सम्बन्धित उद्यम;

(थ) परम्परागत पेसा तथा उद्यमको पुनर्जागरणसँग सम्बन्धित उद्यम;

(द) खाद्य प्रविधि तथा पोषणसँग सम्बन्धित उद्यम,

(ध) फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित उद्यम।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची-२

(दफा ७ सँग सम्बन्धित)

## प्रस्ताव आव्हान गर्ने सूचनाको ढाँचा

स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ बमोजिम स्टार्टअप उद्यमका दफा ४ बमोजिम योग्यता पुरा गरेका अनुसूची-१ बमोजिमको क्षेत्रमा नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका स्टार्टअप उद्यम कर्जा लिन इच्छुक उद्यमीले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## उद्यमीले पेश गर्ने परियोजना प्रस्तावको ढाँचा

### क. परियोजना र प्रस्तावकको परिचयः

१. फर्म, कम्पनी वा उद्योगको विवरणः

- फर्म / कम्पनी / उद्योगको नामः --------------------------------
- सुरु दर्ता भएको निकायः ----------------------------
- दर्ता मितिः ------------------- दर्ता नम्बरः --------------
- स्थायी लेखा नम्बरः --------
- कारोबार सुरू गर्न इजाजत आवश्यक पर्ने फर्म, कम्पनी वा उद्योगको हकमा इजाजत जारी गर्ने निकायः -------------------------
- इजाजत प्राप्त मितिः -------------- इजाजत बहाल रहने अवधिः ---------------
- मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगानाः प्रदेशः ------------- जिल्लाः ------------- गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.: ----------------- वार्ड नं.: --- टोलः --------------- टेलिफोन नं.:-------------- इमेलः ----------------- वेबसाइटः -----------------
- प्रस्तावक (आधिकारिक प्रतिनिधि)को नाम थरः ------------------------------ पद/दर्जाः------------- टेलिफोन नं.: ----------------- मोबाइल नं.: ---------- इमेलः ----------------

२. उद्यमीहरूको विवरण (सबै उद्यमीको विवरण भर्नुपर्नेछ)

| क्र.सं. | नाम | नागरिकता नं, जारी मिति र जिल्ला | स्थायी ठेगाना (प्रदेश, जिल्ला, पालिका, वडा नं., टोल) | हालको ठेगाना (प्रदेश, जिल्ला, पालिका, वडा नं., टोल) | मोबाइल नं. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | | | | | |

### ख. प्रस्तावित परियोजना सम्बन्धी विवरणः

१. परियोजनाको परिचय (दुई सय शब्दमा नबढ्ने गरी): --------

२. परियोजनाको उद्देश्य (पचास शब्दमा नबढ्ने गरी): --------

३. उद्यमको क्षेत्र (दफा ४ सँग सम्बन्धित): ---------------

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

४. परियोजनाको कुल अनुमानित लागत रु. ---------- हालसम्म परियोजनामा भएको खर्च रु. -------

५. परियोजना विश्लेषणः

अ) स्टार्टअप उद्यमको रूपमा रहने आधार (दफा ४ अनुसारका मापदण्डसमेत सम्बन्धित सबैमा चिनो लगाउने):

(क) उद्यम स्थापना भएको दस वर्ष: नाघेको □ ननाघेको □

(ख) उद्यमको वार्षिक कारोबार कुनै आ.व.मा पन्ध्र करोड रूपैयाँभन्दा बढी: भएको □ नभएको □

(ग) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न नयाँ प्रविधिको उपयोग एवं सिर्जनशील सोचको प्रयोग: भएको □ नभएको □

(घ) उद्यमीले हालसम्म गरेको स्वलगानी रु. .................

(ङ) स्टार्टअप उद्यम कर्जाका लागि माग गरिएको रकम रु. ....................

(च) गत आर्थिक वर्षको बिक्री रकमः रू. ........................

(छ) कर्जा सूचना केन्द्रको कालोसूचीमाः रहेको □ नरहेको □

(ज) प्रस्तावित परियोजनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट हालसम्म अन्य कुनै अनुदान वा सहुलियतः लिएको □ नलिएको □

आ) परियोजना सञ्चालनबाट हुने नवप्रवर्तनीय कार्य (मिल्ने कुनै एकमा चिनो लगाउने):

(क) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समग्र प्रणालीमा नवीन पद्धतिको विकास □

(ख) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको खास क्षेत्रमा नवीन पद्धतिको विकास □

(ग) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कुनै प्रक्रियामा नवीन पद्धतिको विकास □

त्यस्तो नवीन पद्धति सम्बन्धी संक्षिप्त विवरण (पचास शब्दमा नबढ्ने गरी): .......................

इ) आगामी एक वर्षको अवधिमा थप रोजगारी सिर्जनाको सम्भाव्य सङ्ख्याः ......

ई) परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजार (कुनै एकमा चिनो लगाउने):

स्वदेशी बजार □ अन्तर्राष्ट्रिय बजार □ स्वदेशी तथा अन्तर्राष्ट्रिय दुवै बजार □

उ) परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चापदार्थको स्रोत (कुनै एकमा चिनो लगाउने):

पूर्णरूपमा स्वदेशी □ पूर्णरूपमा वैदेशिक □ अधिकतम स्वदेशी □ अधिकतम वैदेशिक □

ऊ) प्रस्तावित परियोजनाको विषयक्षेत्रमा मुख्य उद्यमीको अनुभवः

अनुभव नभएको □ दुई वर्षभन्दा कम अनुभव भएको □ दुई वर्ष वा सोभन्दा बढीको अनुभव भएको □

ए) जोखिम विश्लेषण तथा व्यवस्थापनः

परियोजनाको जोखिम विश्लेषण कार्य गरिएकोः छ □ छैन □

गरिएको छ भने जोखिमको विषय (पचास शब्दमा नबढ्ने गरी): ...............

जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना (एक सय शब्दमा नबढ्ने गरी): .....................

ऐ) प्रस्तावित परियोजनाको कार्यान्वयनबाट वस्तु वा सेवा प्रवाहमा हुने सुधार (कुनै एकमा चिनो लगाउने):

विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि हुनेः हुन्छ □ हुँदैन □

विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको वित्तीय लागत घटाउनेः घटाउँछ □ घटाउँदैन □

विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समय घटाउनेः घटाउँछ □ घटाउँदैन □

ओ) परियोजनाकोः

सबल पक्ष (एक सय शब्दमा नबढ्ने गरी): .................

कमजोर पक्ष (एक सय शब्दमा नबढ्ने गरी): .................

अवसर (एक सय शब्दमा नबढ्ने गरी): .................

चुनौती (एक सय शब्दमा नबढ्ने गरी): .................

औ) परियोजनाले वस्तु वा सेवा उत्पादन र बिक्री आरम्भ गरेको मितिः ................. वा आरम्भ हुने अपेक्षित मितिः .................

अं) परियोजना मुनाफामा जाने अपेक्षित आर्थिक वर्षः .................

अः) परियोजना स्थलमा पूर्वाधारको अवस्था (सम्बन्धित सबैमा चिनो लगाउने):

विद्युत □ सडक □ सञ्चार □ खानेपानी □ भवन □

अन्य (खुलाउने) :

**ग. प्रस्तावको साथमा संलग्न गर्नुपर्ने कागजातः**

१. उद्योगको दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
३. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
४. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. फर्म, कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
६. कर्मचारी/कामदारको अघिल्लो आर्थिक वर्षको वार्षिक तलबी विवरण,
७. सूचना प्रविधि तथा नवप्रवर्तनको प्रयोग भएको पुष्टयाइँ सहितको स्वःघोषणा

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

८. फर्म, कम्पनी वा उद्योगमा प्रयोग भएको कच्चापदार्थको खरिद बिल बिजकको प्रतिलिपि

माथि उल्लिखित विवरणहरू सही साँचो छन् र कर्जा प्रवाहसम्बन्धी शर्त स्वीकार्य छ भनी प्रस्ताव पेश गर्नेको

नाम :

हस्ताक्षर :

मिति :

मोबाइल नं. :

इमेल :

परियोजनाको छाप :

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

### परियोजना प्रस्ताव मूल्याङ्कनको आधार

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| क | **उद्यम वा नवीनतम सोचको हालको अवस्था**<br>• नवीनतम सोच मात्र रहेको-२<br>• प्रोटोटाइपको तहसम्मको-४<br>• न्यूनतम सम्भाव्य वस्तु (मिनिमम भायवल प्रोडक्ट)-७<br>• व्यवसायिक उत्पादन (कमर्सियल प्रोडक्ट)-१० | १० | |
| ख | **प्रविधिको प्रयोग**<br>• प्रविधिको आंशिक प्रयोग भएमा—३<br>• प्रविधिको पूर्ण प्रयोग भएमा—५ | ५ | |
| ग | **उद्योगको अघिल्लो आर्थिक वर्षको कारोबार**<br>• ५ करोडभन्दा कम भएमा—३<br>• ५ देखि १५ करोडसम्म भएमा—५ | ५ | |
| घ | **परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना**<br>• अन्तर्राष्ट्रिय बजारमा वस्तु वा सेवाको निर्यात हुने सम्भावना-७<br>• स्वदेशी बजारमा वस्तु वा सेवा बिक्रीको सम्भावना-१०<br>• स्वदेश र अन्तर्राष्ट्रिय बजारमा वस्तु वा सेवा बिक्रीको सम्भावना -१५ | १५ | |
| ङ | **परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चापदार्थको स्रोत (कुनै एक)**<br>• विदेशी कच्चापदार्थको हकमा ५० प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि गर्न सक्ने भए-३<br>• न्यूनतम ५० प्रतिशत स्वदेशी कच्चापदार्थमा आधारित-७<br>• पूर्णरूपमा स्वदेशी कच्चापदार्थमा आधारित-१० | १० | |
| | **परियोजनाको लागि आवश्यक पूर्वाधारको उपलब्धता** | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| च | (परियोजना अनुरूप आवश्यक पर्ने भवन र जग्गा, सडक, सञ्चार, खानेपानी, विद्युत र अन्य उद्योगको प्रकृति अनुसारको पूर्वाधार)<br>• परियोजना सञ्चालनका लागि न्यूनतम पूर्वाधारको उपलब्धता भए- ७<br>• परियोजना सञ्चालनका लागि अधिकांश पूर्वाधारको उपलब्धता भए- १० | १० | |
| छ | **जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएको उपाय**<br>• प्रस्तावित परियोजनाको जोखिम विश्लेषण — ७<br>• जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना — १० | १० | |
| ज | **व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण र रोजगारी सिर्जना** | १५ | |
| | i. परियोजना प्रतिको आत्मविश्वास — ३ (अधिकतम) | | ..... |
| | ii. परियोजना सम्बन्धी सूचनाको प्रस्तुती — ५ (अधिकतम) | | ..... |
| | iii. परियोजनाको SWOT Analysis गर्न सक्ने क्षमता -२ (अधिकतम) | | ..... |
| | iv. रणनीतिक कुशलता — २ (अधिकतम) | | ..... |
| | v. ५ जना भन्दा बढी रोजगारी सिर्जना — ३ | | ..... |
| झ | **क्रेडिट अप्राइजल**<br>• व्यावसायिक रणनीति — ४<br>• वित्तीय क्षमताको अवस्था — ४<br>• ऋण र स्वलगानीको अनुपात — ४<br>• वस्तु वा सेवामा सिर्जनशीलता — ४<br>• वित्तीय जोखिम विश्लेषण — ४ | २० | |
| | **कुल जम्मा** | १०० | ..... |

मूल्याङ्कनकर्ताको विशेष कुनै टिप्पणी भएमा सो:

.......................................................................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची - ५

(दफा २१ को उपदफा (२) सँग सम्बन्धित)

### अनुगमन प्रतिवेदनको ढाँचा

१. परियोजनाको नामः --------------------------------- ठेगानाः ----------------------------- सम्पर्क टेलिफोन/मोबाइल नं.: ---------------

२. परियोजना कार्यान्वयन गर्ने उद्यमीको नामः -----------------------------

३. परियोजना स्वीकृत भएको मितिः ----------------------

४. परियोजना प्रस्तावक र बैङ्कबिच कर्जा सम्झौता मितिः ---------------

५. परियोजनामा प्रवाह गरिएको कर्जाः जम्मा रु. ---------

प्रथम किस्ता कर्जाः लिएको/नलिएको (लिएको भए कर्जा रुः --------- मितिः -------)

दोस्रो किस्ता कर्जाः लिएको/नलिएको (लिएको भए कर्जा रुः -------- मितिः -------)

तेस्रो किस्ता कर्जाः लिएको/नलिएको (लिएको भए कर्जा रुः ---------- मितिः -------)

६. कर्जाको किस्ता भुक्तानीको अवस्थाः ---------

७. परियोजनाको सुरु मितिः ---------------

८. परियोजना सम्पन्न हुनुपर्ने मितिः ---------------

९. परियोजनाको सुरु लागत रकमः ---------------

१०. परियोजनामा कार्यरत पूर्णकालीन कामदार सङ्ख्याः ---------------

११. परियोजनाको प्रशिक्षक (मेन्टर) को नाम (भएमा): ------------------ टेलिफोन/मोबाइल नं.: ---------

१२. यसअघि भएको अनुगमनः मिति ---------- अनुगमन गर्ने निकायः -------------

मिति ---------- अनुगमन गर्ने निकायः -------------

मिति ---------- अनुगमन गर्ने निकायः -------------

१३. परियोजनाको सुरु मूल्याङ्कन तथा छनौट गर्दा लिइएका आधारहरू बमोजिम प्रगतिको अवस्थाः

(क) -----------

(ख) -----------

(ग) -----------

(घ) -----------

१४. परियोजना कार्यान्वयनमा देखिएका समस्या र कारणः ---------------

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

१५.समस्या समाधान गर्न सम्बन्धित तहबाट भएको प्रयासः ------------------

१६.समस्या समाधान गर्ने जिम्मेवार निकाय/अधिकारीः -------------------

१७.अनुगमन गर्ने अधिकारीबाट दिइएका मुख्य सुझावः --------------------

१८.दिइएका सुझावमा उद्यमीको प्रतिक्रियाः ------------------------

१९.अनुगमन मितिः ------------------

२०.अनुगमन गर्ने अधिकारीको नामः ---------------

दर्जाः ---------------

कार्यालयः ---------------

दस्तखतः -----------

मितिः ---------------